प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मोरङ

कोशी प्रदेश, विराटनगर

**सूचना नं.: ७/२०८०-०८१**

**सूचना प्रकाशित मिति: २०८०।०९।२०**

आ.व. २०८०।०८१ मा भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र मोरङ मार्फत तपसिलका क्षेत्रमा निम्न ब्लक विकास कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले तोकिएको क्षेत्रका सहभागी हुन इच्छुक लक्षित समुदाय/वर्गले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन भित्र अर्थात् (मिति २०८०।१०।०५ गते भित्र) यस भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र मोरङमा तोकिएको ढाँचा (परियोजना कार्यान्वयन म्यानुअल २०७७ को अनुसूची १०) अनुसार आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै यस विषयमा थप जानकारीका लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मोरङको फोन नं. ०२१ ४७५९५८, ४७४३०८ वा अधिकृत श्री बडेलाल यादवको मोवाईल नं. ९८४४२९२३१९ मा सम्पर्क गर्न सकिनेछ।

क) ब्लक कार्यक्षेत्रहरु (गाउँपालिका/नगरपालिका):

१. भैंसी (दुध) ब्लक कार्यक्रमः बेलवारी नगरपालिकाका वडा नं. ७, ८, र ९

ख) कार्यक्रमः

१. भैंसीको ब्लक विकास कार्यक्रम (सञ्चालनका आधारहरुः न्यूनतम उन्नत भैंसींको संख्या २०० वा स्थानीय/वर्णशंकर भैंसींको संख्या ४००; दैनिक २००० लिटर दुध संकलन गर्ने कृषक उद्यमी वा समूह सहकारी)

<u>आवेदन/निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु</u>

१. सम्बन्धित निकायमा कृषि समूह/सहकारी/संस्था/समिति/कृषि फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि।
२. पान दर्ता / कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपि।
३. कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौतानामा।
४. निवेदक / अध्यक्ष / प्रोपाईटरको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।
५. ब्लक माग गर्ने संस्था(हरु) को कार्य समितिको निर्णयको प्रतिलिपि।

.....................

(कार्यालय प्रमुख)

वरिष्ठ पशु विकास अधिकृत

CamScanner